# देवानगञ्ज गाउँपालिका
# Dewanganj Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of The Rural Muinicipal Executive
देवानगञ्ज, सुनसरी
Dewanganj, Sunsari
Koshi Province, Nepal

प.स.: २०८१/०८२
च.नं.: ६८

मितिः २०८१/०४/१४

श्री वडा कार्यालय सबै,
देवानगञ्ज गाउँपालिका, सुनसरी ।

विषयः सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको राष्ट्रिय परिचयपत्र अनिवार्य नगरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको आ.व. २०८१/०८२, मिति २०८१/०४/०७ र च.नं. ३४ को पत्र अनुसार हाललाई सामाजिक सुरक्षा भत्ता नविकरण गर्न राष्ट्रिय परिचयपत्र (NIN) नम्बर अनिवार्य नरहेको भनि लेखि आएको हुँदा सोहि अनुसार गर्नुहुन अनुरोध छ।

साथै, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४) अनुसार नविकरण २०८१ भाद्र मसान्त सम्म गर्नुहुन तथा नयाँ लाभग्राहीहरुको नाम दर्ता गर्नुहुन अनुरोध छ।

२०८१/४/१४

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सुचना प्रविधि अधिकृत - वेबसाइटमा अप्लोड गर्नुहुन ।

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- २०८१/०८२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३४

सामाजिक सुरक्षा शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति २०८१।०४।०७

ने.सं. ११४४ दिल्लागा, सोमबार

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

**विषय: सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य नभएको।**

श्री स्थानीय तह (७५३) सबै।

प्रस्तुत विषयमा यस विभागको च.नं. २८, प.सं. २०८१।०८२, मिति २०८१।०४।०४ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचीकरण तथा नवीकरण सम्बन्धी पत्र प्राप्त भई व्यहोरा अवगत नै छ।
गृह मन्त्रालयको प.सं. सा.सु.०८१/०८२/२२, च.नं. २८, मिति २०८१।०४।०६ को पत्रबाट नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०३।२७ को देहाय अनुसारको निर्णय कार्यान्वयन गर्नु गराउनु भनी लेखी आएको हुनाले सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको सूचीकरण तथा नवीकरण गर्दा तदनुरुप गर्ने गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

देहायः

"नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१।०२।२४ मा सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदान गर्न राष्ट्रिय परिचयपत्र (NID) अनिवार्य गर्ने निर्णय भई २०८१ साल असार १० गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन भएकोमा देशभर निरन्तर परेको वर्षाका कारण ठाउँ ठाउँमा बाढी, पहिरो र विपद्को अवस्था सिर्जना हुन गई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज हुन गएकाले उक्त प्रयोजनका लागि हाललाई राष्ट्रिय परिचयपत्र (NID) अनिवार्य नगर्न गृह मन्त्रालयलाई निर्देशन दिने"।

निर्देशक

**बोधार्थ**

श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौं।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार , काठमाडौं।